"आर्थिक ,सामाजिक  संस्थागत तथा पूर्वाधार विकास ,
सुशासनयुक्त समृद्ध सिम्ता गाउँपालीकाको आधार"

# सिम्ता गाउँ कार्यपालीकाको
# आ.व.०७६/०७७
# को
# नीति, कार्यक्रम

## सिम्ता गाउँ कार्यपालीका
## गाउँ कार्यपालीकाको कार्यालय
## कर्णाली प्रदेश
## सुर्खेत जिल्ला
## २०७६

## सिम्ता गाउँपालीका सुर्खेतको गाउँ सभा *२०७६ साल असाढ १० गतेका दिन* प्रस्तुत आर्थिक बर्ष २०७६/०७७ को नीति तथा कार्यक्रम

**गाउँ सभाका सदस्यज्यूहरु**

- सर्वप्रथम त यस सिम्ता गाउपालीकाको गाउँसभा जस्तो गरिमामय अवसरमा सिम्ता गाउँपालीकाको गाउँसभामा आफ्नो व्यस्तताका वावजुत पनि सहभागि भई सभामा सल्लाह, सुझाव प्रदान गर्न पाल्नुभएका सम्पूर्ण सभा सदस्यहरूलाई सिम्ता गाउँपालीकाको र मेरो व्याक्तिगत तर्फवाट हार्दिक स्वागत गर्दै आभार प्रकट गर्दछु ।
- हाम्रो मुलुकको संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना, विभिन्न राजनैतिक परिवर्तन र स्थानीय लोकतन्त्र मार्फत सिंहदरवारको शासन व्यवस्था जनताको घरदैलोमा पुग्ने स्थानीय सरकार स्थापनाका साथै कर्णाली प्रदेशको स्थापना गर्न सुर्खेत जिल्ला प्रादेशिक राज्यको राजधानी हुनुपर्ने माग राख्दै विभिन्न समय र कालखण्डमा वलीदान दिनुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरू प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चहान्छु ।
- यस गरिमामय गाउँसभामा गाउँपालीकाको समग्र विकासका लागि मार्गदर्शनको रुपमा रहने वार्षिक निति तथा कार्यक्रम यस सम्मानित सभामा प्रस्तुत गर्न पाउंदा आफुलाई गौरवान्तित महसुस गरेको छ । यस अवसरमा हाम्रा अथक प्रयासहरुमा निरन्तर सल्लाह सुझाव सहयोग प्रदान गर्नुहुने गाउँसभाका सदस्यहरु गाउँ कार्यपालीकाका सम्पूर्ण सदस्य ज्युहरु गाउँपालीकामा क्रियाशिल राजनैतिक दलका प्रमुख तथा प्रतिनिधीहरु सरोकारवाला विकास साझेदार संघ संस्थाहरु,स्थानिय नागरिक समाजका प्रतिनिधीहरु, गाउँपालीकाका कर्मचारीहरु एवं यस सिम्ता गाउँपालीका वासी सवै प्रति एकपटक पुन: आभार व्यक्त गर्दछु

***गाउँसभाका सदस्यज्युहरु***

- हाम्रो मुलुकमा दुई दशक पछि विगत दुई बर्ष पहिले स्थानिय तहको निर्वाचन सम्पन्न्न भएको छ । संविधानको कार्यान्वयन गरि राजनैतिक परिवर्तनलाई संस्थागत गर्दै जनताका असिमित आकांक्षा, अभिलाशा र आवश्यक्तालाई उचित सम्वोधन गरि अघि वढ्नुपर्ने यस समयमा यस गाउँपालीकाले पनि विगतका गाउँकार्यपालीका र गाउँसभाल निर्णय गरि कार्यान्वयनका चरणमा रहेका महत्वपुर्ण कार्यक्रम र योजनाहरुको निरन्तरता दिंदै सिम्ताली जनताको समृद्धिको सपनाहरुको साकार पार्नका लागि यस नयाँ व्यवस्थामा सक्दो सम्वोधन गर्ने कोसिस गर्ने कुरामा म विश्वास दिलाउन चहान्छु ।

- विकास सामूहिक प्रयासवाट मात्र संभव हुन सक्दछ । आजको समय भनेको समन्वय र सहकार्यको हो । हाम्रो मुलुक नेपालको संवैधानिक व्यवस्था अनुरुप सहमाती, सहकार्य र सहअस्थित्वको मूल मर्म अनुसार चली रहेको छ । सवैको गन्तव्यलाई सामूहिक प्रयास र प्रयत्नवाट हल गर्न सक्नु पर्दछ भन्ने मान्यताबाट सिम्ता गाउँपालीकाको समग्र विकासमा हामी सवै एकतावद्ध भएर अगाडि वढनु हामी सवैको साझा कर्तव्य हो र आगामी दिनमा पनि यसरी नै गन्तब्यमा पुग्ने छौं भन्ने विश्वास लिएको छु ।

- यस सिम्ता गाउपालीकामा शिक्षा कृषि, जलश्रोत,पर्यटन, पशुपालन उद्योग व्यापार व्यवसायका लागि प्रचुर सम्भावना अवसर भएता पनि यस गाउँपालीकाको आर्थिक श्रोतको मूख्य आधार भनेको कृषि नै हो । वर्तमान अवस्थामा रहेको गुजराको रुपमा रहेको कृर्षिलाई आधुनिक र व्यवसायीक कृषिमा रुपान्तरण गर्न सकेमा यस गाउँपालीकाको आर्थिक सामाजिक समृद्धि सम्भव

रहेको कुरामा म विस्वास दिलाउन चहान्छु । यस गाउँपालीकामा विकासका प्रचुर सम्भावना हुंदाहुदै पनि भौगोलिक विकटता, आर्थिक परनिर्भरता, सामाजिक सांस्कृतिक विविधता र उपलब्ध स्थानीय स्रोत र साधनको अपेक्षित उपयोग गर्न नसकेका कारणबाट जनताको जीवनस्तरमा उल्लेखनीय परिवर्तन हुन सकेको छैन । अझ पनि कैयौं क्षेत्र वर्ग तथा समुदायहरू विकासको मूलधारवाट पछाडि परि नै रहेका छन् । गरिवी र वेरोजगारी समस्या चुनौतिको रुपमा रहेको छ । यिनीहरुको सन्तुतित र क्षेत्रिय विकासको लागि निरन्तर रुपमा अघि वढ्नुपर्ने अवस्था रहेको छ ।

अब म यस गरिमामय गाउँसभा समक्ष आगामी २०७६/०७७ मा प्रस्तुत गरिने वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न चहान्छु ।

## चालू आर्थिक बर्षको नीति तथा कार्यक्रमको समिक्षा

- सिम्ता गाउपालीका सुर्खेतमा विभाजन गरिएका स्थानिय तहहरुको तुलनात्माक अध्यायन र विश्लेषण गर्दा आर्थिक अवस्था गरिवीको अवस्थाका हिसावले कमजोर गाउपालीकाको रुपमा रहेको छ । यहाको भौगोलिक अवस्थिति, सुखा जमिन , सिंचाई सुविधा कृषि, पशुपालन , व्यवसायीक खेती र उध्यमशिलताका हिसावले अत्यन्त पछाडी परेको अवस्था छ । प्राकृतिक श्रोत साधनहरुको पहिचान, संकलन र सदुपयोगको लागि योजनावद्ध विकास आवश्यक छ ।
- सिम्ता गाउँपालीकाको वर्तमान अवस्थालाई मध्यनजर गरि आर्थिक समृद्धिका व्यापक योजना निर्माण गरि अगाडी वढन आवश्यक छ । सिम्ताको घोरेटा देखि राकम सम्म नागवेलीरुपमा अनवरत रुपमा भेरीको पानी वगी रहेको छ । यसलाई खानेपानी तथा लिफ्ट् सिंचाईको माध्यामवाट जमिनको सिंचित गर्न सकिने संम्भावना रहेको छ । राकम , आली र जुगै वगरका उर्भरायूक्त जमिनमा व्यावसायीक खेतीको प्रारम्भ गरि आयआर्जनमा वृद्धि गर्न सकिने सम्भावना रहेका छन यसमा ध्यान जान आवश्यक छ । सिम्ता गाउँपालीकाका सवै वडाहरुका पहाडी भूभागहरुमा तरकारी, नगदेवाली र फलफूलका पकेट क्षेत्र घोषणा गरेर अगाडी वढन आवस्यक छ । यो क्षेत्र पशुपालनका लागि प्रसस्त संभावना भएको क्षेत्र हो । त्यसै गरि यस गाउपालीकामा जडीवुटी अमिलो ,अलमोन्ड,अलैची, अदुवा , आप , अदुवा , पालन र टिमुर आदी खेतीवाट पनि प्रसस्त आम्दानी लिन सकिने संभावन रहेको छ ।
- सिम्ता गाउँपालीकामा चालु आर्थिक बर्षमा नीति ,कार्यक्रम तथा वजेटको समिक्षा गर्दा पूर्वाधार विकासमा १५ वटा सडक तथा अन्य पूर्वाधार सम्पन्न भएका र ४ वटा योजनाहरु निर्माण सम्पन्न भई भुक्तानी प्रक्रियामा रहेका छन । खानेपानीमा ६ वटा सम्पन्न र ७ वटा भुत्तानी प्रक्रियामा रहेका छन । आर्थिक विकासमा सिंचाई १९ वटा,मन्दिर ७ वटा र भवन ४ वटा र प्रतिक्षालय २ सम्पन्न भएका छन । सिंचाई ५ वटा, र भवन ४ वटा भुक्तानीको प्रक्रियामा रहेका छन । सामाजिक विकास अन्तर्गत शिक्षमा ३७ वटा स्वास्थ्यमा १ वटा योजनाहरु निर्माण सम्पन्न भएका छन । त्यसै गरि शिक्षामा ९ वटा र स्वास्थ्यमा २ वटा योजनाहरु निर्माणधिन रहेका छन । सुशासन तथा सेवा प्रवाहमा २ वटा योजनाहरु सम्पन्न भएका छन । यस आर्थिक बर्षमा १२८ वटा आयोजनाहरु मध्य ९३ वटा आयोजनाहरु सम्पन्न भएका छन भने ३५ वटा आयोजनाहरु निर्माणाधिनको अवस्थामा रहेका छन ।

### क) आर्थिक विकासको क्षेत्र

- ***"आर्थिक क्षेत्रको विकास , सिम्ता गाउँपालीकाको एक मात्र निकास*** " भन्ने मूल नराका साथ यस गाउँपालीकाको विकास गर्न जरुरी छ । यस गाउँपालीकाको आर्थिक विकासको मेरुदण्डको रुपमा रहेको भेरी नदी , पर्यटन, जडीवुटी, कृषि ,पशुपालन, वन साना तथा मझेउला उध्योग आदि क्षेत्रको विकास गरि गाउँपालीकाको अर्थ तन्त्रलाई सवल, सक्षम र आत्म निर्भर वनाईने छ । गाउँपालीकाको समग्र विकासका लागि आवस्यक जनशक्ति,आधुनिक ज्ञान ,सिप र प्रविधिको विकास गरि गाउँपालीकालाई सक्षम र सवल वनाउनु पर्ने छ । यहाँको आर्थिक विकासका लागि कृषिमा आधुनिकीकरणका लागि (तअपाटी) अभियान संचालन गरि कृषिमा व्यवसायीकरण गरिने छ । जसका लागि अदुवा ,अमिलो जातीका फलफूल आप,अलैची,अदुवा ,तरकारी ,पालन र टीमुर खेतीलाई प्राथमिकताका साथ अगाडी वढाईने छ । यहाँको आर्थिक वृद्धिदरलाई द्रुत गतिमा अघिवढाई गरिवी न्यूनीकरण र पछौटेपनको अन्त्य तथा न्यायपूर्ण श्रोत वितरण मार्फत सामाजिक रुपान्तरणलाई सुनिष्चित गरिने छ ।
- संघ सरकार, प्रदेश सरकार ,नीजी, सहकारी र गैह्र सरकारी र सामुदाय विच साझेदारीको निति अपनाईने छ । गाउँपालीकामा आवस्यक वैंक तथा वित्तीय संस्थाहरुको स्थापना र विकास गरिने छ । गाउँपालीकामा यूवा स्वरोजगारमा विशेष जोड दिईने छ । यस वाट सिम्ता गाउँपालीकाका महिला दलित जनजाती , अपांगता भएका नागरिकहरु, जेष्ठ नागरिक आदि लाभान्वीत भाएका छन । आगामी बर्षमा यस गाउँपालीकाको आर्थिक विाकासका योजनाहरुलाई अझ वढी प्राथमिकताका साथ अगाडी वढाउने योजना रहेको छ ।

## कृषि, सिचाई तथा पशु विकास

- ❖ गाउँपालीकाले स्थानीय उद्योग तथा उद्यमीसंग सम्वन्धित संस्थाहरुसंग सहकार्य गरि वडाहरुको पहिचानको आधारमा एक वडा एक कृषि उत्पादन गर्न आवस्यक छ । कृषि वस्तु विकास तथा उत्पादन तथा विक्री गर्ने कार्यक्रमलाई वढावा दिईने छ ।

- ❖ यस गाउपालीकाको प्रमुख आय आर्जनको सम्भावना रहेको कृषि तथा पालनमा देखिएको परम्परा र निर्वाहमुखी प्रणालीमा परिवर्तन गरि आधुनिकीकरण, व्यवसायीकरण वजारीकरणमा र प्रांगारिकीकरणमा विशेष जोड दिईनेछ । उत्पादन गर्दा उत्पादनको मूल्यमा जोड दिने गरि कार्यान्वयन गरिनेछ ।

- ❖ पशुजन्य उत्पादनको लागत मूल्य घटाउन घांस विकास कार्यक्रम र पशु उत्पपादन तथा उत्पादकत्वमा वृद्धि ल्याउन नश्ल सुधार कार्यक्रम संचालनमा जोड दिइनेछ। । गाउँपालीकाको भौगोलिक सम्भाब्यताको आधरमा विभिन्न मौसमी, वेमौसमी तरकारी खेती, नगदेवाली र प्रतियोगिताको कार्यक्रम मार्फत उत्कृष्ट कृषकहरुलाई पुरस्कृत गर्ने कार्यक्रमलाई निरन्तरता दिने ।

- ❖ गाउँपालीकाका संभाव्य गाउँहरुको पहिचान गरि नमूना गाउ निर्माण गरिने छ जसका लागि सवै वडाहरुको संभाव्यता अध्यायन गरि संचालन गरिएको छ । गाउपालीकामा नमुना गाउँ स्थापनाका लागि कृषक , महिला, वालवालीका,अपांगता जेष्ठनागरिक विभिन्न संजालहरु मार्फत स्थापना गरेर कार्यक्रम संचालन गरिएको छ

- ❖ गाउँपालीकामा सिचाई व्यवस्थाको लागि गाउँपालीका सिंचाई गुरुयोजना (च्क्ए) निर्माण गरिएको छ । साथै सोही गुरुयोजनाका आधारमा आगामी बर्षको वजेट निनियोजन गर्ने योजना वनाईएको छ । शहिद ऋषि स्मृति चक्रपथ , ईन्द्र वि सी द्रुतमार्ग र अन्य सडक आसपास क्षेत्रमा ब्यबसायीक कृषि पकेट क्षेत्रहरुको विकास गराउन स्थानीय स्तरमा सम्भाब्यता अनुरुपका कृषि बस्तुको ब्यबसायीक विकास कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

**पर्यटन विकास**

❖ गाउँपालीकाका ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक धरोहरहरूको पहिचान तथा संरक्षण गरी पर्यटन क्षेत्रको विकासका गरिने छ। गाउँपालीकाका संभाव्य स्थानहरुमा होमस्टेको स्थापना गरि संचालन गर्नका लागि उत्प्रेरित गरिनेछ। जसका लागि पर्यटनसंग सम्वन्धित संघ संस्थाहरु, पर्यटन कार्यालय ,पर्यटन वोर्ड, प्रदेश र संघ सरकार ,निजी तथा गै.स.स. संगको सहकार्यलाई प्राथमिकता दिईने छ ।

❖ गाउँपालीकाले गाउँसभा मार्फत सिम्ता गाउँपालीकाका राजकाडा दरवार देखि कोटको थुम्को पातीहाल्ना, भोटेचुली देखि तामाचुली र राकम देखि छेडा वजार सम्मको क्षेत्रहरुलाई पर्यटन क्षेत्र घोषणा गरे अनुरुप पर्यटनको विकासमा जोड दिईने छ।

**उद्योग, वाणिज्य बैकिंग सहकारी**

❖ गाउँपालकि भित्र स्वरोजगारमुलक रुपमा रहेको घरेलु उद्योगलाई स्थापना र संचालन गर्नका लागि प्रोत्साहन दिन घरेलु तालिम एवं सीप विकासका कार्यक्रमहरु ग्रामीण तहमा संचालन गरिनेछ।

❖ उद्यमशिलताको विकास सँगै लघु घरेलु तथा साना उद्यमलाई विकास विस्तार र प्रवर्द्धन गर्नका लागि आवश्यक स्रोतको व्यबस्था गर्दै गाउँपालीकामा घरेलु विकास कार्यालय र लघु उद्यम विकास कार्यक्रम (मेडेपा) मार्फत गरिबि न्यूनिकरण सम्बन्धी कार्यक्रम संचालनमा विशेष जोड दिईने छ।

❖ सहकारीको अवधारणा अनुरूप व्यवसायिक खेती एवं व्यवसायिक पशु पालनमा संलग्न गराउंदै सहकारी संस्थाहरूलाइ जडीबुटी संकलन, प्रशोधन तथा निकासी जस्ता कार्यहरूका लागि प्रवर्द्धनात्मक क्रियाकलापहरू सञ्चालन गरिनेछ। सरकारी सहकारी र निजी क्षेत्रलाई सहभागिता गराई गाउपालीकामा आधुनिक संकलन केन्द्र र स्तरिय शित भण्डारण निर्माण कार्यान्वयनका लागि पहल गरिने छ।

**ख) सामाजिक विकासको क्षेत्र**

***युवा तथा खेलकुद***

❖ गाउँपालीकामा सेवा सुविधाको अवसरबाट टाढा रहेका ग्रामीण क्षेत्रका बेरोजगार युवा वर्गलाई विभिन्न निकायहरूसंग समन्वय गरी सीपमूलक, आयमूलक एवं क्षमता अभिवृद्धि कार्यक्रम अर्न्तगत युवा स्वरोजगार तालिम संचालन गरि व्यवसायीकरण तर्फ उत्प्रेरित गरिने छ।

❖ खेलकुद क्षेत्रमा संलग्न व्यक्तिहरुलाई उनीहरुको क्षमताको विकास गर्न र उनीहरुको प्रोत्साहनको नीति अवलम्वन गरिनेछ साथै सिम्ता गाउँपालीकामा खेलकुदको संस्थागत विकास गर्नका लागि गाउँपालीका स्तरिय खेलकुद विकास समिति र शिक्षा शाखा मार्फत शारिरीक सुगठनका लागि विभिन्न प्रकारका कार्यक्रमहरु संचालन गरिने छ। गाउँपालीकामा खेलकुदको विकास र प्रवर्धनका लागि सिम्ता स्तरिय रंगशालाको निर्माण गरि कार्यान्वयन गरिने छ।

**कला, संस्कृति, भाषा र साहित्य**

❖ सिम्ता गाउपालीकामा रहेका सांस्कृतिक एवं धार्मिक महत्वका स्थानहरु, भाषा, धर्म, कला र संस्कृति आदिको संरक्षण र सम्वर्द्धन गरि नागरिकको सामाजिक सांस्कृतिक अधिकारको संरक्षण

र उपयोग गर्न सिम्ता  साहित्य, धार्मिक तथा सांस्कृतिक महोत्सव तथा विविध कार्यक्रमहरु गरिने छ । सिम्तामा रहेका कला संस्कृति परम्परा पंचेवाजा, सिंगारु फाग, सैरेली,ख्याली, गर्रा आदी जस्ता संस्कृतिहरुको संरक्षणका लागि विषेश कार्यक्रमहरु संचालन र प्रवर्धन गरिने छ ।

❖ जिल्लाको ऐतिहासिक र परम्परागत क्षेत्रको रुपमा रहेका सिम्ता दराको सर्वागिण पक्षको विकासका लागि विशेष प्राथमिकता दिदै  यहाँको कला संस्कृति र परम्पराको संरक्षणको नीतिलाई निरन्तरना दिइनेछ ।

❖ सिम्ता गाउँपालीकामा रहेका परम्परा वोकेका राजकाडा दरवार, भोटे चुली,दह कोटको थुम्को,तामाचुली हात्रे चुली र मठ मन्दिरहरु आदि  ऐतिहासिक स्थल पहिचान गरि पर्यटक प्रवर्द्धनमा उपयोगमा ल्याईनेछ ।

**सामाजिक विकासका लागि  सामाजिक परिचालनः**

❖ गाउँपालीकामा संचालन गरिने विकास निर्माणका सवै गतिविधि र क्रियाकलापमा एकरुपता एवं समन्वय कायम गर्नका लागि कम्तीमा चौमासिक रुपमा सरोकारवालहरु सहितको समन्वयात्मक रुपमा वैठक ,समिक्षा जस्ता क्रियाकलापहरुलाई निरन्तरताका साथ संचालन गरिने छ ।

❖ यहाँ क्रियाशिल रहेका विभिन्न साझेदार  संघ संस्थाहरुसंगको साझेदारीमा योजना तर्जुमा लगायतका गाउँपालीकाका महत्वपूर्ण कार्यहरुमा संचालन गर्न प्रभावकारी कार्यान्वयन गरिने छ  ।

❖ हाल स्थानिय तहमा संचालनमा रहेका किश्वर किश्वरी संवाद केन्द्रहरु यूवा संसद तथा क्लवहरु, महिला संजाल , दलित संजाल , जनजाती संजाल अपांगताको क्षेत्रमा कामगर्ने संघसंस्थाहरुको  क्षमता विकासमा जोड दिइ र स्थानीय तहका कार्यक्रमहरु संचालन गर्दा उनीहरुको साझेदारीमा सामाजिक परिचालनका अभियानहरु संचालन गरिने छ ।

❖ स्थानिय साझेदार संघ संस्थाहरुको नियमन गर्नका लागि सवै गैससहको कार्यक्रमलाई गाउँपालीकाको बार्षिक नीति तथा कार्यत्रममा समावेश गरिने छ ।

**लक्षित वर्ग,**

❖ सामाजिक परिचालनका क्षेत्रमा कार्यरत संस्थाहरु परिचालन गरि विपन्नता नक्शांकन तथा स्तरिकरण गर्ने  कार्य सम्पन्न गरिएको छ । सरकारी तथा गैह्रसरकारी संस्थाहरूबाट अपाङ्गमैत्री, लैंगिक मैत्री , वालमैत्री महिला मैत्री वातावरण मैत्री कार्यक्रम सञ्चालन गरिने छ ।

❖ साथै राष्ट्रिय अभियानका कार्यक्रमहरुलाई पुर्णता दिनका लागि यस गाउँपालीकाले पनि बालमैत्री छुवाछुत मुक्त, बालविवाह मुक्त, बालश्रम मुक्त, घरभित्रको धुवांरहित, अर्गानिक खेती, सुरक्षित मातृत्व ,पुर्ण घटनादर्ता युक्त, दुध मासु र अण्डामा आत्म निर्भर गाउपालिका वनाउन र  प्लाष्टिक मूक्त लैंगिक हिंसामुक्त वडा घोषणा कार्यक्रमलाई एकसाथ घोषणा  गरिने छ  सो को जिम्वेवारी लिन चाहाने साझेदार संस्थाहरुलाई समपुरक कोषको व्यवस्था गरिने  ।

❖ जेष्ठ नागरिकहरुलाई सेवा प्रवाहलाई प्रभावकारी रुपमा संचालन गर्नका लागि विध्या आश्रामको स्थापना र संचालन गरिने छ । अर्धवार्षिक रुपमा जेष्ठ नागरिक , वालवालीका अपांगता भएका र महिलाहरुको स्वास्थ्य शिविर संचालन गर्ने ।

- श्रम रोजगार वैक स्थापना गरि कार्यविधि अनुसार कार्यान्वयन गरि गाउँपालीकामा रोजगरी सृजना गरिने छ ।

**शिक्षा, स्वास्थ्य र सरसफाइ**

- मा वि , निमावि र प्रवि तहमा एक एक वटा नमूना विध्यालयहरुको मापदण्ड तयार गरि नमूना विध्यालयहरुको स्थापना र संचालन गरिने छ । बालविकास र बिध्यालयका कर्मचारीहरुलाई तोकिए वमोजिम पोषाक सविधाको व्यवस्था गरिने छ । साथै सम्पूर्ण सामुदायीक विध्यालयहरुमा विधुतिय हाजिरीलाई अनिवार्य व्यवस्था गरिने छ ।

- गरिवीको रेखामुनी रहेका नगरिकहरुलाई अति विपन्नताका आधारमा निशुल्क स्वास्थ्य विमाको व्यवस्था मिलाईने छ । अनिवार्य तथा निःशुल्क शिक्षा घोषणा गर्ने विध्यालयहरुलाई आम्दानीको वृद्धिका लागि आयआर्जन मुलक कार्यक्रमहरु विषयगत कार्यालय र साझेदार संस्थाहरुबाट समपुरक कोषको व्यवस्था गरिनेछ ।

- विभिन्न किसिमका महामारी रोग, संक्रामक र सरुवा रोगहरूको रोकथाम तथा नियन्त्रणका लागि समन्वयात्क रूपमा कार्य अगाडि बढाईने छ । ज्क्ष्खब्क्ष्म बाट संक्रमितहरूको लागि राहत, पुनर्स्थापना तथा क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिने छ । स्वास्थ्य सेवालाई प्रभावकारी संचालन गर्नका लागि गाउँपालीकामा रहेका सवै स्वास्थ्य संस्थाहरुमा शनिवारीय स्वास्थ्य सेवा प्रवाह गरिने छ जसको लागि शनिवारको स्वास्थ्य सेवा प्रवाह गरे वापत थप प्रोत्साहन भत्ताको व्यवस्था गरिने छ ।

- विशुद्ध स्वायं सेवाको भावले गाउँघरमा प्रभावकारी स्वास्थ्य सेवा प्रवाह गरिरहेका महिला स्वास्थ्य स्वायं सेवीकाहरुलाई बार्षिक रुपमा प्रत्साहन सुविधाको व्यवस्था गरिने छ ।
- जनस्वास्थ्य तथा पोषणमा सुधारका कार्यक्रमहरुको लागि स्वास्थ्य शाखा मार्फत विभिन्न कार्यक्रमहरु संचालन गरिने छ । यसको साथै स्वास्थ्यका लागि सुरक्षित खानेपानी तथा पूर्ण सरसफाई भन्ने नाराका साथ आम नागरिकहरुको सहभागितामा अभियानको संचालन गरिने छ जसको लागि सरोकारवाला संघसंस्थाहरुको सहभागितामा कार्यक्रम संचालन गरिने छ ।

**ग) पुर्वाधार विकासको क्षेत्र**

- सिम्ता गाउँपालीकाको समृद्धीको आधार भौतिक पूर्वाधार विकासको नारालाई सफलीभूत वनाउनका लागि यस गाउँपालीकाको समग्र विकासको लागि योजनावद्ध विकासको अभियान संचालन गरिने छ । यस गाउँपालीकाका १ देखि ९ वडाहरुको केन्द्र सम्म सडक पहुच मार्ग निर्माण गरि स्तरउन्नती गरिने छ । गाउँपालीकाको सडक पूर्वाधार विकासमा टेवा पुर्‍याउनका लागि ऋषि स्मृति चत्रपथ र ईन्द्र वि सी द्रुतमार्गलाई गाउँपालीकाको गौरवका योजनाको रुपमा राखिएको छ । यसै गरि सिम्तामा विधुतिकरणका लागि सिम्ता उज्यालो कार्यक्रमलाई र सिंचाई खानेपानी तथा अन्य साना सडकहरुलाई पूर्वाधार विकासमा प्रथमिकताका साथ अगाडी वढाईने छ ।

**सडक यातायात तथा खानेपानी**

- गाउँपालीकाका सडकहरु निर्माण गर्दा गाउँपालीका याातायात गुरुयोजनाले प्राथामिकता तोकेका सडकहरुलाई प्राथमिकता दिइनेछ । हाल सम्म पनि सडक संजाल पुर्‍याउन नसकेका वडाहरुमा सडक संजालमा आवद्ध गरिने छ ।

- वाखर्क, गान्द्रा खनेटा वादासाला नाहगाउ काफलकोट,सिर्पा,देउली आली,दुनी डाडाखाली,काप्रीचौर जामुनेवजार ऋषी स्मृति चक्रपथ मार्ग निर्माण तथा स्तर उन्नती गरिनेछ । सिम्ता गाउपालीकावाट कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर सम्म सहज आवत

जावत गर्नका लागि गोजी ,आली दुनी दह नेटा धुलियावीट वीरेन्द्रनगर मार्गलाई शहिद ईन्द्र वि सी द्रुतमार्गको निर्माण तथा स्तरउन्नती गरिने छ ।

❖ गोजी बजेडीचौर देउली सिर्पा काफलकोट नाहगाउ बाखीखोर हुदै रानिवासको पाठोकाट्ने थाला चिउदुहा जाजरकोट राजमार्ग जोड्ने सडक निर्माण गरिनेछ । त्यसै गरि गोजी देउली खनेटा थाला मध्यपहाडी राजमार्ग जाजरकोट हुलाकी मर्गलाई स्तरिय सडकको रुपमा विकास गरिने छ । माथी उल्लेखित सवै सडकहरुको निर्माण तथा स्तरउन्नतिका लागि कर्णाली प्रदेश तथा संघ सरकार र अन्य साझेदार संघ संस्थाहरुसंग समन्वय गरि समझेदारीमा कार्यक्रम संचालन गरिने छ ।

❖ गाउपालीकाका अधिकांश सडकहरु अत्यन्त सांघुरा भएकोले भईरहेका सडक तथा नयां बन्ने सडकहरु निर्माण गर्दा प्रत्येक सडकको अधिकार क्षेत्र अनिवार्य कायम गरि सो भन्दा बाहिर मात्र पुर्वाधारका संरचनाहरु निर्माण गर्न दिने नीति कार्यान्वयनलाई निरन्तरता दिइनेछ । सडक गुरु योजनाले तोके वमोजिमका चौडा सडकहरुलाई अनिवार्य रुपमा सडक क्षेत्र विस्तार गरिने छ । घर वरिपरी सडक नभई सडक क्षेत्रमा घर तथा वस्ती निर्माणको नीति अवलम्वन गरि प्रभावकारी कार्यान्वयनको थालनी गरिएको छ ।

❖ सडक निर्माण गर्दा आवश्यक स्थानमा ट्याक खोल्ने र गाउँपालीका यातायात गुरुयोजनामा समावेश भएका र सिम्ता गाउँपालीकाका समग्र विकासको लागि महत्वपूर्ण मानिएका सडकहरुलाई बाह्रै महिना संचालनमा ल्याउने कार्यलाई विशेष प्राथामिकता दिइएको छ सो कामका लागि गाउँपालीकाबाट रकम विनियोजन गरिने नीतिलाई समेत अवलम्वन गरिने छ ।

❖ यस सिम्ता गाउँपालीकाको खानेपानीको समस्याको समाधानका लागि भेरी नदी ,आलीखोला ,जुगैखोला र अन्य सानातिना खोला र मूलहरुको अध्यायन अवलोकन गरि लिफ्ट तथा अन्य खानेपानीका आयोजनाहरु संचालनका गरिने छ । खानेपानीको लागि एक घर एक धाराको नीति अवलम्वन गरिने छ भने सिंचाईको लागि आर्थिक विकासमा प्रभाव पार्ने खलका योजनाहरु निर्माण गरि कार्यान्वयन गरिने छ

❖ भौतिक विकासका पुर्वाधार संचालन गर्दा २० लाख देखि ५० लाख सम्मका आयोजनाहरु गाउँ सभाबाट स्वीकृत हुनु अगावै सम्भाव्यता अध्ययन गरेर स्वीकृत गरिने नीतिलाई निरन्तरता दिइएको छ ।

**आवास व्यवस्थापन तथा वस्ती विकास कार्यक्रम**

❖ सानातिना वस्ती भएका स्थानमा सडक घना वस्ती भएका स्थानमा सडक र सडक भएका स्थानमा वस्ती विकासको योजनालाई प्रथमिकता दिईने छ । छरिएर रहेका वस्तीहरुलाई एकिकृत वस्ती विकासको योजना निर्माण गरि कार्यान्वयन गरिने छ साथै संभाव्य स्थानहरुमा नमूना वस्तीको योजनावद्ध विकस गरिने छ ।

**सुचना संचार, प्रविधी र उर्जाः**

❖ गाउँपालीकाको वेवसाईट (www.simtamun.gov.np) को निर्माण गरिएका छ । साथै प्रयोगलाई क्रमशः समय सापेक्ष वनाइ गाउपालीकाका सवै वडाहरुमा आवश्यकताका आधारमा सूचना केन्द्रहरुको निर्माण र आधुनिकीकरण गरिएको छ र सूचना केन्द्रलाई लक्षित वर्ग मैत्री वनाइएको छ । सिम्ता गाउँपालीकाको काम कारवाहीलाई आधुनिक सूचना र प्रविधिसंग आवद्ध गर्ने नीति अनुरुप कम्प्युटर प्रणालीलाई अवलम्बन गरिएको छ । गाउँपालीकाका सवै वडाहरुमा लेखाप्रणालीलाई लेखा सफ्टवेयर मार्फत संचालन गरिएको छ ।

❖ अनविकरणीय उर्जाको प्रयोगलाई निरूत्साहित गर्दै वैकल्पिक उर्जालाई जोड दिई प्राविधिक दृष्टिकोणले उपयुक्त वडाहरुलाई वैकल्पिक उर्जाको उपयोग गर्ने नीतिलाई उपयोग गर्दै आंशिक रूपमा विद्युतीकरण भएका वडाहरुमा पूर्ण रूपमा विद्युतीकरण गर्न जोड दिइनेछ ।

## घ) वातावरण तथा विपद व्यवस्थापनको क्षेत्र

❖ यस गाउँपालीकामा जंगल विनाश हुने गरि जथाभावी खोटो संकलन गर्ने र जंगल विनाश गर्ने परिपाटीलाई निरुत्साहित गर्दै वातावरण संरक्षण र सम्वर्द्धनमा जोड दिइएको छ । गाउँपालीकामा सुख्खा क्षेत्र विस्तार हुदै गएको र यसले मानव तथा पशुपंक्षीमा व्यापक असर गरेको हुंदा १ वडा १ पोखरी निर्माणको कार्य सम्पन्न गरिने छ । सडकका दुवै छेउमा हरियाली व्यवस्थापनका लागि वृक्षारोपण गर्न आम नागरिक लाई उत्प्रेरित गरि बृक्षारोपण गरिने छ जसका लागि गाउँपालीकाको उपयुक्त स्थानमा प्रदेश सरकारको साझेदारीमा अत्याधुनिक हाईटेक नर्शरी स्थापना र संचालन गरिने छ ।

❖ गाउँपालीकामा वायु उर्जा निर्माण गर्न र उर्जाको प्रयोग गर्नका लागि सम्भावित क्षेत्रहरुको पहिचान गरि उपयूक्त स्थानहरुमा वायु उर्जा उत्पादनका लागी प्राविधिक अध्ययनको थालनी गरिने छ ।

❖ गाउँपालीकामा भू संरक्षण तथा जलाधार व्यवस्थापनमा बायो इन्जिनियरिंग प्रविधि अवलम्वन गरिने छ । सिम्ता गाउँपालीकामा रहेको वन क्षेत्रबाट संकलित राजश्वबाट प्राप्त रकमको केहि अंश सोहि क्षेत्रको दिगो ब्यवस्थापनको लागि खर्च गर्ने ब्यवस्था मिलाईएको छ ।

❖ सामुदायीक वनहरुको व्यावस्थानका लागि सवै समुदायीक वनहरुको अय व्यय विवरणलाई अर्धवार्षिक रुपमा गाउँपालीकाको कार्यालयमा पेश गर्ने प्रचलनको विकास गरिने छ ।

### *भुसंरक्षण र जलाधार व्यवस्थापन*

❖ गाउँपालीकामा रहेका भेरीनदी आली खोला, जुगै खोलाको संरक्षण र सम्वर्द्धनका लागि गुरुयोजना निर्माण गरि कार्यान्वयन चरणमा छ । साथै यस गाउपालीकाका विभिन्न क्षेत्रका नदि तथा खोलाहरुको कटानको अवस्था हेरी कटान नियन्त्रण तथा तटवन्धनका लागिा प्रदेश र संघ सरकारसंगको साझेदारीमा कार्यक्रमा संचालन गरिने छ ।

### *वतावरण तथा जलवायु परिवर्तन अनुकुलन*

❖ गाउँपालीकामा जलवायु परिवर्तन सम्वन्धि स्थानीय अनुकुलनको योजना तर्जुमा गरिएको छ । गाउँपालीकाका वजार विस्तार भएका स्थानहरुमा प्लाष्टिकजन्य वस्तुहरुको प्रयोगलाई निरुत्साहित गर्दै दुना टपरी तथा वातावरण मैत्री वस्तुहरुको प्रयोगको थालनी गरिने छ ।

❖ गाउँपालीकाको उपयुक्त स्थानमा एक नर्सरीको स्थापना गर्नका लागि वन कार्यालयसंग समन्वय गरि कार्यक्रमलाई संचालन र विस्तार गरिनेछ । वातावरण प्रभाव मुल्यांकनको सम्वन्धि क्ष्भ्रभ्क्ष स्वीकृती गरि लागु गरिनेको छ । साथै स्थानीय पुर्वाधार निर्माण गर्दा स्थानिय श्रोत र साधनहरु र प्रविधिलाई पहिलो प्राथमिकतालाई जोड दिइनेछ ।

## ङ) संस्थागत विकास, सेवा प्रवाह र सुशासन

***मानव संसाधन विकास कार्यक्रमः***

❖ गाउँपालीकाले प्रदान गर्दै आएको सेवा सुविधालाई प्रविधि मैत्री वनाउनका लागि कार्यालयको ठेगाना रहेको ईमेल खोली संचालन गरिनेछ भने सवै शाखा र वडाका सम्पुर्ण कर्मचारीहरुलाई आधारभुत कम्प्युटर ज्ञान सम्बन्धि तालिम संचालन गरिने छ ।

❖ गाउँपालीकामा कार्यरत सवै प्राविधिक तथा प्रशासनिक कर्मचारीहरुको क्षमता विकासका लागि त्चबष्लष्लन लभभम बअभकक्भलत उबिल तयारी गरि तालिमको व्यवस्था गरिने छ, जसले सेवा प्रवाह तथा भौतिक निर्माणको कार्यलाई स्तरिय र प्रभावकारी वनाएको छ ।

❖ गाउँपालीकामा रहेका विभिन्न संघ संस्था तथा उपभाक्ता समितिहरुको उचित मूल्यांकन गरि पूरस्कृत गरिने छ । गाउँपालीकामा रहेका जनशक्तिको व्यवस्थापन र विकासका लागि व्यवस्थित योजना निर्माण गरि कार्यान्वयन गरिने ।

**स्थानीय शुसासन, जवाफदेहि कार्यालय तथा प्रशासन व्यवस्थापन**

❖ गाउँपालीकाबाट सञ्चालित योजना तथा कार्यक्रमहरूको पारदर्शिता बढाउनका लागि सार्वजनिक लेखापरीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नागरीक प्रतिबेदन पत्र, योजना स्थलमा होर्डिग बोर्ड राख्ने, र सूचना केन्द्र सुदृढीकरण जस्ता कार्यहरूलाई प्रभावकारी रुपमा कार्यन्वयन गरिने छ ।

❖ गाउँपालीकाका सवै वस्ती तथा टोलहरुमा टोल विकास संस्था स्थापना र गठन सम्वन्धी कार्यविधिको आधारमा टोल विकास संस्था निर्माण गरि कार्यान्वयन गरिने छ ।

❖ गाउपालीकामा सम्पुर्ण खरिद सम्वन्धि कार्य गर्दा सार्वजनिक खरिद ऐनको मातहतमा रही बार्षिक खरिद योजना बनाई सो को आधारमा मात्र खरिद गर्ने परिवाटीको विकास गरिने छ ।

❖ गाउँपालीकामा सुविधा सम्पन्न सूचना केन्द्र स्थापना गरि सूचना तथा अभिलेख केन्द्र/अभिलेख बैंकको रूपमा विकास गर्दै गाउँपालीकाको प्रमुख गतिविधिहरूसंग सम्बन्धित गतिविधिलाई श्रब्यदृश्य तथा सञ्चार माध्यमहरूबाट सार्वजनिक गरिने छ, र सूचना तथा अभिलेख केन्द्रलाई बिगतको भन्दा थप आधुनिकीकरण र व्यबस्थित गरिने छ ।

**आन्तरिक स्रोत पहिचान र वित्तीय व्यवस्थापनः**

❖ गाउँपालकिाकाको आन्तरिक राजश्व अभिवृद्धिका लागि गाउपालीकाले आन्तरिक *राजस्व लेखाजोखा तथा प्रक्षेपण कार्ययोजना*को सिफारिस अनुसार राजश्व संकलनमा जोड दिइनेछ । साथै व्यवसायीक करको अभिवृद्धिका लागि अनिवार्य करको दायरामा ल्याउने र नयाँ करका क्षेत्र पहिचान गरि कार्यान्वययन गरिने छ ।

❖ गाउँपालीकाको आन्तरिक श्रोत वृद्धि गर्नका लागि गाउँपालीकाको स्वामित्वमा रहेका घरजग्गाको पहिचान गरि आपसी प्रतिष्पर्धाद्धारा भाडा निर्धारण तथा वहाल विटौरी कार को निर्धारण गरि गाउँपालीकाको श्रोतमा वृद्धि गरिने छ ।

❖ *गाउँपालीकामा* वित्तीय अनुशासन कायम गर्नका लागि बेरूजु हुन नदिने र पेश्की बेरुजुलाई निरुत्साहित गर्न यस आ.व.मा योजनाको अवस्था हेरी पेश्की प्रथालाई न्यूनीकरण गर्ने नीतिलाई यस वर्ष पनि प्रभावकारी रुपमा कार्यन्वयन गरिएको छ साथै बेरुजु फछ्र्यौट गर्ने कार्यलाई प्रमुखता दिईने छ । गाउँपालीकामा वित्तिय प्रशासनलाई चुस्त दुरुस्त र प्रभावकारी वनाउनका लागि लेखा सफ्टवेयर सम्वन्धि तालिम दिई प्रभावकारी रुपमा लागु गरिएको छ

**अनुगमन तथा मूल्याङ्कनः**

- ❖ स्थानिय सरकार संचालन ऐन २०७४, विभिन्न नियम र अन्य स्थानीय निकायसंग सम्वन्धित कानुनमा व्यवस्था भए अनुसारका सर्वपक्षिय अनुगमन तथा मूल्याङ्कन प्रणाली अबलम्वन गरिएको छ । गाउँपालीकामा कार्यरत विभिन्न संस्थाहरु मार्फत संचालन गरिएका कार्यक्रमहरुलाई एकद्वार प्रणालीबाट अनुगमन मूल्यांकन गरिने छ साथै तेस्रो पक्षिय अनुगमनको विधिलाई पनि अवलम्वन गरिने छ ।

- ❖ गाउँपालीकामा अनुगमन तथा मूल्यांकन गर्दा सर्वदलिय सर्वपक्षिय नागरिक समाज एवं सरोकारवालाहरुको प्रतिधित्वलाई सुनिश्चित गरि एकद्वार प्रणाली मार्फत वस्तुनिष्ठ सुचकहरु तयार गरि व्यवस्थित गरिने छ ।

- ❖ गाउपालीकाका गै.स.स. तथा उपभोक्ता समिति मार्फत संचालन भएका कार्यक्रमहरुको गुणस्तरियता र प्रभावकारिताको सुनिश्चितताको लागि सामाजिक लेखा परिक्षण र सार्वजानिक सुनुवाई भए पश्चात मात्र अन्तिम भुक्तानी गरिने छ ।

## अन्य गैह्रसरकारी संघ संस्थाहरुबाट सम्पन्न कार्यक्रमको समिक्षा

सिम्ता गाउँपालीकाको समग्र विकासको लागि सरकारी, सहकारी ,नीजि र गैह्रसरकारी निकायहरुको महत्वपूर्ण भूमीका रहन्छ । यसै सन्दर्भमा सिम्ता गाउँपालीकामा विगतमा विभिन्न प्रकारका गैह्र सरकारी संघ संस्थाहरु क्रियाशिल भएर काम गरि रहेका छन । आ आफ्नो प्रकारले संचालन भएका साझेदारहरुले हाल सम्म वहुद्वार प्रणालीवाट संचालन भएका छन जसका कारण सवै गै स स हरुको कार्यक्रमहरुको प्रकृति र योजना अनुसार क्रियाशिल भएकोले संघ संस्थाहरुको विवरण अध्यावधिक गरि गाउँपालीकाको नीति विधि अनुसार कामको एकरुपता ल्याउन आवस्यक छ । स्थानीय गैससहरुको वार्षिक समिक्षा गर्दा यस गाउँपालीकामा समाज जगरण केन्द्र, समृद्ध समाज विकास केन्द्र, वाम नेपाल , सुन्दर नेपाल , आस्था नेपाल, सुशासन प्रवर्द्धनका लागि युवा , ड्वाक नेपाल , कोडेड नेपाल, युनिसेफ नेपाल , नमूना समाज , असल शासन क्लब जिल्ला समन्वय समिति आदी गैससहरुले यस गाउँपालीकामा विभिन्न विषयगत क्षेत्रका आधारमा काम गरिरहेका छन । आगामी वर्षहरुमा यस गाउँपालीकामा क्रियाशिल सवै गै स स हरुको विवरण अध्यावधिक गरेर एक द्वार प्रणालीमा लागिने छ साथै यहा कार्यरत सवै राष्ट्रिय तथा अन्तराष्टिय गै स स हरुको लगानीलाई अभिवृद्धि गर्न साझेदारीमा सामाजिक विकासका काममा अगाडी वढन पारदशिर्ता हिसावले लगानी गर्न तर्फ उत्साहीत गरिने छ ।

## आगामी आर्थिक बर्ष २०७६/०७७ को नीति तथा कार्यक्रम

कुनै पनि सरकारी तथा गैह्र सरकारी संघ सस्थाहरुको वारेमा उल्लेख गर्दा उसले अवलम्वन गरेका दीर्घकालीन सोच , प्रमुख लक्षहरु , मुख्य मुख्य उद्धेश्यहरु तथा वार्षिक क्रियाहलापहरुले संस्थाको वास्तविक अवस्थालाई झल्काउने गर्दछ । यस सिम्ता गाउँपालीकाले अवलम्वन गरेको परिकल्पना, लक्ष्य ,मुख्य मुख्य उद्धेश्यहरुलाई यस प्रकार उल्लेख गरिएको छ ।

# सिम्ता गाउपालीकाको दीर्घकालीन सोच

“आर्थिक, पूर्वाधार,सामाजिक तथा संस्थागत विकासको आधार,
सुशासनयुक्त समृद्ध सिम्ता गाउँपालीकाको प्रमुख आधार”

## सिम्ता गाउपालीकाका निर्देशक सिद्धान्तहरु

- सरकारी, सहकारी,निजी गैह्रसरकारी साझेदारीताको सिद्धान्त

- अर्थपूर्ण नागरिक सहभागिता तथा समावेशी शासन व्यवस्थाको सिद्धान्त
- संस्थागत तथा मानव संशाधन विकासको सिद्धान्त सिद्धान्त
- सामाजिक जवाफदेहिता  सूचनामा आधारित एवं नतिजामूलक कूशल अनुगमन तथा मूल्यांकन
- व्यवस्थित भू-उपयोग, वस्ती विकास र शहरीकरणको विकास
- न्यायोचित र समतामूलक विकासको अवधारण अवलम्वन
- उत्पादनमूलक भौतिक पूर्वाधार विकासमा प्राथमिकता
- माग तथा आवश्यकतामा आधारित विकासको प्राथमिकता
- सूचना तथा प्रविधिमा पहुँच र उपयोगमा प्रथामिकता
- जैविक विविधता संरक्षण तथा प्राकृतिक श्रोत अधिकतम व्यवस्थापन
- वातावरणमैत्री, वालमैत्री र महिलामैत्री  दिगो विकासको स्थापना

**सिम्ता गाउपालीकाको प्रमुख लक्ष्य**

गाउँपालीकाको दीगो आर्थिक, सामाजिक,भौतिक पूर्वाधार, वन वातावरण  र मानवीय विकास मार्फत समावेशी, गुणस्तरीय र सन्तुलित दीगो  विकासमा टेवा पुर्‍याउने

## सिम्ता गाउपालीकका विषयगत उद्धेश्यहरु

**आर्थिक विकास :**

❖ आर्थिक विकासका अवसरमा अभिबृद्धि भई गाउँपालीका बासीको आयमा बृद्धि भएको हुनेछ ।

**सामाजिक विकास**

❖ गाउँपालीकामा सामाजिक सेवा तथा सुविधाको गुणस्तर र उपयोगमा अभिबृद्धि हुनेछ ।

**भौतिक पूर्वाधार  विकास**

❖ गाउँपालीकामा भौतिक पूर्वाधार विकास व्यवस्थित, सुरक्षित र दीगो भएको हुनेछ ।

**वन तथा वातावरण एव सेवा प्रवाह**

❖ वन वातावरण तथा  जैविक विविधता  श्रोतको दीगो व्यवस्थापन र उपयोग सुनिश्चित भएको **हुनेछ ।**

**संस्थागत विकास तथा सुशासन**

❖ सेवा प्रदायक तथा सेवाग्राहीको क्षमता र सामाजिक जवाफदेहितामा अभिबृद्धि भएको हुनेछ ।

**अपेक्षित उपलव्धीहरु**

- सिम्ता गाउँपालीकाको समृद्ध सिम्ता र सुखि सिम्तालीको नारालाई सफलीभूत वनाउनका लागि विगत २ बर्ष अगाडी सम्पन्न स्थानिय तहको पहिलो निर्वाचन पछि स्थानिय तहहरुमा एक प्रकारको उत्साह र उमंग पलाएको छ । करिव दुई दशक सम्म जनप्रतिनिधी विहिन अवस्थामा रहेको स्थानिय तहमा सिंहदरवारको सरकार गाउ समाजमा नै स्थापित भएको छ । जनताहरुका आशा र अपेक्षाहरुमा व्यापक वृद्धि भएको छ । आम नागरिकहरुका आशा र अपेक्षाहरुको सम्वोधन गर्नका लागि नव निर्वाचित जन प्रतिनिधीहरुले सवै भन्दा पहिल स्वयं आफैले निर्मामता पूर्वक लाग्न आवस्यक छ । मुलुकको साशन व्यवस्थाको रुपान्तरण संगै मानविय सोच दृष्टीकोण र व्यवहारमा व्यपक रुपानतरणको जरुरी रहेको छ । साशन संचालनका विगतका विधि तथा प्रक्रियाहरुमा व्यपक फेरवदल गर्न आवस्यक छ । नया संविधानको मर्म र जन चहाना अनुसार साशन संचालन गर्न आवस्यक छ । स्थानिय जनताहरुले अपेक्ष गरे अनुरुप र संविधानले व्यवस्था गरेको जन अधिकारको रक्षाका लागि संविधानको अनुसूची ८ मा व्यवस्था गरिएका २२ वटा अधिकार क्षेत्रका आधारमा नीति र विधिहरुको परिधिमा रहेर सवै जनप्रतिनिधीहरु र सवै कर्मचारीहरु परिचालीत भएर जनताहरुको सेवामा समर्पित हुन आवस्यक छ ।
- आगामी आर्थिक वर्षमा  सिम्ता उज्यालो कार्यक्रम अन्तर्गत गाउपालीकामा विधुतिकरणलाई प्रभावकारी रुपमा अगाडी वढने  छ । यस गाउपालीकामा अहिले सम्म पनि सडक यातायातको

सुविधा नपुगेको स्थानमा सुविधा सम्पन्न सडकहरुको विकास र विस्तार भएको हुने छ । गाउँपालीकाका वडा तह तथा टोल वस्तीहरुमा स्वच्छ सफा खानेपानीका आयोजनाहरु निर्माणको लागि गाउँपालीकाको वजेट र खानेपानीसंग सरोकार राख्ने संघ संस्थाहरु र विषयगत कार्यालयहरुसंग समन्वय गरि योजनावद्ध विकासको सुरुवात गरिने छ ।

- यस गाउँपालीकामा विगतमा संचालन हुदै आएका गुजरामुखी कृषि प्रविधिको व्यापक रुपानतरणका लागि ५ बर्षे कृषि गुरुयोजना निर्माण भई सकेकोले सोही आधारमा कृषिको अधुनिकीकरण तथा अर्गेनिक कृषिका कार्यक्रमहरुको योजना निर्माण गरि कार्यान्वयन गरिने छ । जसको लागि कृषि विकास र प्रवर्धनका लागि संभाव्य स्थानहरु र वडाहरुमा कृषिका पकेट क्षेत्र घोषण गरि कार्यक्रम निर्माण गरि कार्यान्वयन गरिने छ ।
- सामाजिक समावेशीकरण तथा सशक्तिकरणका लागि पछाडी परेका तथा सिमान्तकृत वर्ग समुदायहरुको आर्थिक , सामाजिक र सांस्कृतिक विकासको लागि विभिन्न प्रकारका कार्यक्रमहरु निर्माण गरि कार्यान्वयन गरिने छ ।
- सिम्ता गाउँपालीकामा रहेको ३९.१ प्रतिशत गरिवीको दरलाई यस आर्थिक बर्षमा कम्तीमा ३० प्रतिशतमा घटाउनका लागि सवै विषयगत क्षेत्रको योजनावद्ध विकासलाई प्राथमिकताका साथ कार्यान्वयन गरिने छ ।

## मुख्य मुख्य आयोजना र क्रियाकलापहरु

गाउपालीकामा गत बर्ष संचालन गरिएका प्रमुख योजनाहरुको विवरण यस प्रकार उल्लेख गर्न चहान्छु :

- सिम्ता उज्यालो कार्यक्रम अर्न्तगत सिम्ता स्तरिय विधुतिकारण कार्यक्रम
- जनतासंग सिम्ता गाउँपालीका कार्यक्रम
- आधुनिक कृषि प्रवर्धन तथा व्यवसायीकरण कार्यक्रम
- पहुच मार्ग निर्माण कार्यक्रम
- शहिद ऋषि स्मृति चक्रपथ निर्माण कार्यक्रम
- शहिद इन्द्र वि सी फास्ट ट्याक कार्यक्रम
- जेष्ठ नागरिक निशुल्क स्वास्थ्य उपचार कार्यक्रम
- वालमैत्री महिला मैत्री ,अपांगमैत्री स्थानीय शासन

## बार्षिक नीति तथा कार्यक्रम तर्जुमाका लागि अवलम्वन गरिएको प्रमुख नीति तथा आधारहरु

नेपालको संवैधानिक व्यवस्था अनुसार स्थानिय तहका २२ वटा अधिकारहरुको व्यवस्था गरिएको छ । यसमा उल्लेख गरिएका स्थानिय तहका अधिकार अन्तर्गत नगर प्रहरी , सहकारी संस्था स्थापना र संचालन , स्थानिय संचार माध्यामहरुको स्थापना र संचालन, स्थानिय कर संकलन र परिचालन स्थानिय सेवाहरुको व्यवस्थापन ,तथ्यांक तथा अभिलेखहरुको संकलन , स्थानिय स्तरका विकास आयोजनाहरु तथा परियोजनाहरु संचालन तथा व्यवस्थापन गर्ने ,आधारभुत र माध्यामिक शिक्षा,आधारभूत स्वास्थ्य र सरसफाईको व्यवस्था गर्ने जस्ता अधिकारहरुको व्यवस्था गरिएको छ । स्थानिय वजार व्यवस्था ,वातावरण संरक्षण र जैविक विविधता ,सडक, सिंचाईको सुविधाको व्यवस्था गर्ने । स्थानिय स्तरमा गाउँसभा, स्थानिय ,मेलमिलाप र मध्यस्थताको व्यवस्था गरिएको छ । स्थानिय अभिलेख व्यवस्थापन र घर जग्गाधनि पुर्जा वितरण , कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थपन ,पशुस्वास्थ्य र सहकारीको व्यवस्थापन र परिचालनको अधिकारको व्यवस्था गरिएको छ । स्थानिय तहका ज्येष्ठ नागरिक,अपांगता भएका र असक्त नागरिकहरुको कुशल व्यवस्थापन गर्ने,कृषि प्रसारको व्यवस्थपन ,संचालन र नियन्त्रण गर्नु छ । त्यसै गरि खानेपानी ,साना जलविधुत आयोजनाहरुको निर्माण तथा वैकल्पिक उर्जा र विपद व्यवस्थपन,जलाधार ,वन्यजन्तु संरक्षण ,खानी तथा खनिज पदार्थको संरक्षण ,भाषा संस्कृति र ललितकालाको संरक्षण र विकासको अधिकार जस्ता पक्षहरुको अधिकारहरुको व्यवस्था गरिएको छ । सोही अनुरुप यस सिम्ता गाउपालीकाको बार्षिक

नीति तथा कार्यक्रम र वजेट तर्जमाका लागि आवश्यक प्रमुख नीति तथा आधारहरुको आधारमा अगाडी वढनु आजको आवश्यकता हो । अनी मात्र गाउँपालीकाको योजनावद्ध विकास गरि जनताको समृद्धि सम्भव हुन सक्छ ।

**आयोजना प्राथमिकीकरणका आधारहरु**

सिम्ता गाउँपालीकाले योजना तथा आयोजना,वजेट तजुमा गर्न पुर्व योजना छनौट र प्राथमिकीकरणको आधार र मापदण्ड तयार गरिएको छ । यस्तो आधार र मापदण्ड तयार गर्दा वस्ती ,टोल , वडा स्तर र गाउपालीका स्तरका छुट्टा छुट्टै मापदण्ड र आधार तोकिए वमोजिम गरिएको छ । यस्ता आधार र मापदण्ड तयार गर्दा यस प्रकारका आधारहरुको तय गरिएको छ ।

**योजना तर्जुमाका आधारहरु**

- नेपालको संविधानको अनुसुची ८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकारको सुची , नेपालको संविधानमा उल्लेखित मौलिक हक, नेपालको संविधानको भाग ४ अन्तर्गत रहेका आर्थिक , समाजिक विकास , प्रकृतिक श्रोतको उपयोग , वातावरण संरक्षण सम्वन्धि नीतिहरु
- संविधानको धारा ५९ को आर्थिक अधिकार, भाग १९ को संघिय आर्थिक कार्यप्रणाली , नेपाल सरकारवाट स्वीकृत संघ ,प्रदेश र स्थानिय तहको वस्तुस्थिति विवरणको प्रतिवेदन ।
- संघीय तथा प्रदेश सरकारले अंगिकार गरेको आवधिक योजनाले तय गरेको नीति तथा प्राथमिकताहरु
- संघिय सरकारले अवलम्वन गरेका आर्थिक तथा वीत्तिय नीतिहरु
- स्थानीय तहको आवधिक योजनाले तय गरेका प्राथमिकताहरु
- नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु
- स्थानीय सरकार संचालन ऐनका प्रावधानहरु
- स्थानीय तहका आवधिक योजनाहरु,नीति, रणनीति , योजनाहरु त्था अध्यायन प्रतिवेदनहरु
- विकासका समसामयिक मुद्धाहरु जस्तै सामाजिक संरक्षण, दीगो विकास , जलवायु परिवर्तन र विपद व्यवस्थापन तथा पोषण , सामाजिक समावेशीकरण तथा लैंगिक शसक्तीकरण तथा समावेशी विकास , वालमैत्री स्थानिय शासन , वातावरण मैत्री स्थानीय शासन , खुल्ला दिशा मुक्त तथा पुर्ण सरसफाई , उर्जा संकट लगायतका अन्तर सम्वन्धित विषयहरु , स्थानीय तहले आवश्यक देखेका खर्च संरचना अनुरुप प्राथमिकतामा परेका कार्यक्रमहरु र स्थानीय तहले आवस्यक देखेका अन्य विषयहरु

**योजना तथा कार्यक्रम प्राथमिकताका आधारहरु**

- आर्थिक विकास र गरिवी निवारणमा योगदान पुरुयाउने
- उत्पादनमुलक र छिटो प्रतिफल दिने (ठुला आयोजनाहरुको हकमा वढीमा ३ वर्षमा सम्पन्न हुने
- राजश्व परिचालनमा योगदान पुर्‍याउने
- सेवा प्रवाह , संस्थागत विकास र सुशासनमा योगदान पुर्‍याउने
- स्थानीय श्रोत साधनमा आधारित भई जनसहभागिताको अभिवृद्धि गर्ने
- लैंगिक समानता , सामाजिक समावेशीकरणको अभिवृद्धि हुने
- दीगो विाकास , वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुर्‍याउने
- समुदायलाई विपद तथा जलवायु परिवर्तन उत्थानशिल वढाउने ।
- स्थानीय परिवेश, संस्कृतिको परिहचान निर्माण गर्ने

➢ स्थानीय तहले आवस्यक देखेका अन्य विषयहरु

## सिम्ता गाउँपालीकाको समग्र विकासका लागि अवलम्वन गरिएको स्थानीय नीति

सिम्ता गाउँपालीकाको समग्र विकासको लागि यस गाउँपालीकामा SIMTALI मोडेलको विकासको अवधारणलाई अगाडी वढाईने छ। जसलाई यस प्रकार प्रस्तुत गरिएको छ :

**S =Social mobilization सामाजिक परिचालन**

**I =Infrastructure Development पूर्वाधार विकास,**

**M =Mainstreaming मूलप्रवाहीकरण**

**T =Technology transfer प्रविधि हस्तान्तरण**

**A =Accountability (Down ward) जवाफदेहीता**

**L = localization & Leadership development नेतृत्व विकास**

**I =Institutional development संस्थागत विकास**

माथी उल्लेखित गरिएको गाउँपालीकाको स्थानीय नीतिका आधारमा अगाडी वढन सकेमा मात्र गाउँपालीकाको आर्थिक समृद्धको सपना साकार पार्न सकिन्छ । जसवाट मात्र हामीले चाहेको समाजको परिकल्पना पुरा हुन सक्छ । यसको लागि गाउँपालीकाका सवै अंगहरु साझेदार निकायहरु विषयगत कार्यालयहरु र आम नागरिकहरु सकरात्मक सोचका साथ अगाडी वढन आवस्यक छ ।

## गाउँपालीकाले प्राथमिकतामा रहेका प्रमुख ३ लक्ष्यहरु

क) ***“सिम्ता उज्यालो कार्यक्रम ”***

यस सिम्ता गाउँपालीकाका आम जनताहरु अहिले पनि अध्यारोमा जिवन विताई रहेका छन । यहाका जनताहरु दियालो, टुक्कीको भरमा जिवन गुजारीरहेका छन । सुख, शान्ति र अमन चयनका साथ जिवन जिउन पाउनु सवैको नैसर्गिक अधिकार हो । सिम्ताली जनताहरुलाई सहजरुपमा जिवन जिउनका लागि आगामी ५ वर्ष भित्र सिम्ता गाउपालीकामा ***“सिम्ता उज्यालो कार्यक्रम ”*** मार्फत सवै वडाहरुमा विधुतीकरण गरिने छ । त्यसै गरि यातायात मानव विकास र सामाजिक समृद्धीको एक महत्वपूर्ण पक्ष हो ।

ख) ***“ सुविधा सम्पन्न पहुच मार्ग”***

सिम्ता गाउपालीकाका कतिमय वडाहरुका केन्द्रमा अहिले पनि सहज यातायातको सुविधा पुगेको छैन तसर्थ यहका नागरिकहरुलाई सहज जिवनयापन गर्न, आवत जावतमा र सामाजिक समृद्धीको वटोमा अगाडी वढन समस्या सृजना भएको विद्धमान अवस्था छ । समृद्ध सिम्ता र सुखी सिम्तालीका सपना सफलीभूत वनाउनका लागि यस अवधिमा सिम्ता गाउपालीकाका ***“सवै वडा केन्द्रहरुमा सुविधा सम्पन्न पहुच मार्ग”*** को विस्तारको नीति अवलम्वन गरिने छ / यसको लागि सडक गुरु योजना निर्माण गरि कार्यानवयन गरिने छ । गत गाउँसभाको निर्णय अनुसार ऋषि स्मृति चत्रपथ र ईन्द्र वि सी द्रुत मार्गलाई यस गाउँपालीकाका पुर्वाधार विकासमा गौरवका योजनाको रुपमा स्तर उन्नती गरिने छ जसको लागि वजेट विनियोजनमा पहिलो प्रथमिकता दिईने छ ।

ग) ‘‘***जनतासंग सिम्ता गाउपालीका कार्यक्रम***’’

सिम्ता गाउपालीका सुर्खेत जिल्लाको सुदूर पूर्वमा रहेको गाउपालीका हो । यहाँका जनताहरु अधिकांस कृषिमा आधारित रहेका छन । यहाको कृषिको आधुनिकीकरण र व्यवसायीकारण आजको आवस्यकता हो । कृषिको व्यवसायीकारण र आत्मनिर्भर कृषि प्रणालीको विकासको लागि ***जनतासंग सिम्ता गाउपालीका कार्यक्रम अन्तर्गत ,अध्यक्ष व्यवसायीक कृषि प्रवर्धन तथा आधुनिकीकरण कार्यक्रम*** लाई सिम्ता गाउपालीकाको प्रमुख आर्थिक विकासको कार्यक्रम वृहत योजना निर्माण गरि कार्यान्वयन गरिने छ जसवाट सिम्ता गाउपालीकाको आर्थिक अवस्था तथा गरिवीको दरलाई ३९.१ वाट कम गर्ने नीतिलाई संस्थागत रुपमा अगाडी वढाईने छ । स्थानिय सरकारको तर्फबाट पहिलो पटक गाउपालीकाको गरिवी नक्सांकन गरि गाउपालीकाको वास्तविक अवस्थाको पहिचानका आधारमा मागमा आधारित र आवस्यकतामा आधारित विकासको योजना निर्माण गरि गरिवी घटाउनका लागि पहल गरिने छ ।

अन्तमा प्रस्तुत वजेट तर्जुमामा सल्लाह सुझाव प्रदान गर्नुहुने ,वडा अध्यक्षहरु, कार्यपालीकाका सदस्यहरु, प्रमुख प्रशासकिय अधिकृत, लेखापाल लगाएत अन्य कर्मचारीहरु वुद्धिजिवीहरु,नागरिक समाज , सामुदायीक संस्थाहरु, विभिन्न सामाजिक संगठनहरु लगाएत सबैलाई हार्दिक धन्यवाद एवं आभार प्रकट गर्दछु ।

धन्यवाद
कविन्द्र कुमार के सी
अध्यक्ष
सिम्ता गाउँपालीका